# उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड
# Upakar Laghubitta Bittiya Sanstha Ltd.

**नेपाल राष्ट्र बैंकबाट “घ” वर्गको इजाजतपत्रप्राप्त संस्था**

कोहलपुर-११, पिपलचौतरा, बाँके, फोन नं. ०८१-५४०७४४/५४२०५३, फ्याक्स नं. ०८१-५४०७४४

इमेलः upakar.banke1@gmail.com वेबसाइडः http//www.ulbls.com.np

को

## संस्थापक समूहको शेयर लिलाम बढाबढ बिक्री गर्ने बारेको शिलबन्दी बोलपत्र आह्वानको सूचना

**शिलबन्दी बोलपत्र पेश गर्ने शुरु मितिः २०८२/०५/१९**

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मितिः २०८२/०६/२२**

महिला उपकार मंच, कोहलपुर, बाँकेको स्वामित्वमा रहेको उपकार लघुवित्त वित्तीय संस्था लिमिटेडको १,८९,७९४ कित्ता शेयर प्रति कित्ता न्यूनतम मूल्य रु.१००/- मा बिक्री गर्ने बिक्रीकर्ता संस्थाको निर्णय अनुसार तपसिलमा उल्लेखित शेयर खरिद गर्न इच्छुक विद्यमान संस्थापकहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही देहायका सङ्कलन केन्द्र मार्फत शिलबन्दी बोलपत्र पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

| सि.नं. | बोलपत्र आवेदन फाराम पाइने र बुझाउने स्थान (संकलन केन्द्र): |
|---|---|
| १ | श्री एन आई सी एशिया क्यापिटल लिमिटेड, ट्रेड टावर नेपाल, थापाथली-११, काठमाण्डौं । |
| २ | उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड, केन्द्रिय कार्यालय, कोहलपुर ११, बाँके । |

**तपसिल**

| सि.नं. | कम्पनीको नाम | जम्मा कित्ता | न्यूनतम मूल्य | न्यूनतम आवेदन दिनुपर्ने कित्ता | अधिकत्तम आवेदन दिनुपर्ने कित्ता |
|---|---|---|---|---|---|
| १ | उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड | १,८९,७९४ | १००/- | ५,००० | १,८९,७९४ |

**शर्तहरुः**

१. माथि उल्लेखित संस्थाको शेयर खरिदका लागि प्रचलित कानून बमोजिम योग्य विद्यमान संस्थापक शेयरधनीहरु मात्र सहभागि हुन सक्ने छन् । साथै आवेदक संस्थापक शेयरधनीले हाल कायम शेयरधनी नम्बर वा डिम्याट खाता नम्बर अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने छ ।

२. बोलपत्र आवेदन फारम माथि उल्लेखित सङ्कलन केन्द्रहरुबाट बोलपत्र आवेदन फारम रु.१००/- नगद भुक्तानी गरी प्राप्त गर्न सकिने छ। साथै, माथि उल्लेखित सङ्कलन केन्द्रहरुबाट आवेदन दिन चाहने आवेदनकर्ताहरुले सम्बन्धित सङ्कलन केन्द्रको छाप लगाएको आवेदन फारम खरिद गरी लिन सक्नु हुनेछ। छाप नलगाएको आवेदन फारमलाई अयोग्य ठहराई बाँडफाँडमा समावेश गरिने छैन ।

३. बोलपत्र आवेदन फाराममा आफूले लिन चाहेको शेयर कित्ता सङ्ख्या, प्रति कित्ताको दर रेट अङ्क र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ । अङ्क र अक्षरमा लेखेको फरक भएमा अक्षरमा लेखेकोलाई मान्यता दिइने छ । केरमेट भएको ठाउँमा दस्तखत गर्नु पर्नेछ। धेरै नै केरमेट भई कबुल गरेको मूल्य रकम नबुझिने गरी पेश गरेको बोलपत्रलाई मान्यता दिइने छैन ।

४. शेयर खरिदको लागि न्यूनतम मूल्य प्रति कित्ता रु.१००/- (अक्षरेपी एक सय मात्र) तोकिएको हुँदा उक्त मूल्य भन्दा कम मूल्य अंकित गरी पेश गरेको आवेदन स्वतः रद्द हुनेछ ।

५. शेयर खरिदको लागि बोलकबोल गर्दा न्यूनतम ५,००० कित्ताको लागि आवेदन दिनु पर्नेछ भने अधिकतम माथि उल्लेखित सम्पूर्ण शेयरको लागि आवेदन दिन सकिनेछ। तर शेयर खरीद गर्न आवेदन गरेको कुल शेयर कित्ता जोड्दा सम्बन्धित नियमनकारी निकायले एउटा व्यक्ति वा संस्थाले खरिद गर्न वा राख्न पाउने भनी तोकेको अधिकतम सङ्ख्या सीमाभन्दा बढी नहुने गरी आवेदन पेश गर्नुपर्नेछ। दशमलवमा (खण्डित रुपमा) आउने गरी शेयर आवेदन गर्न पाइने छैन ।

६. शिलबन्दी खाम बाहिर “**उपकार लघुवित्त वित्तीय संस्था लिमिटेडको संस्थापक शेयर खरिद आवेदन**” उल्लेख भएको हुनु पर्नेछ। गोप्य शिल्ड बोलपत्रमा लाहाछाप गरिएको हुनु पर्नेछ ।

७. बोलपत्र पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको आज मिति २०८२/०५/१९ पश्चात् यस वित्तीय संस्थाबाट घोषणा हुने हकप्रद शेयर, बोनस शेयर तथा लाभांश स्वीकृत आवेदनकर्ताहरूले प्राप्त गर्ने छन् ।

८. बोलपत्रवालाले आफुले खरीद गर्न चाहेको शेयरको सम्पूर्ण रकम शेयर खरिद आवेदन फाराममा उल्लिखित बैंक खातामा नगद जम्मा गरी सोको सक्कल बैंक भौचर वा एन आई सी एशिया क्यापिटल लिमिटेडको नाममा जारी गरिएको Good for Payment Cheque वा Manager's Cheque संलग्न गरी शिलबन्दी बोलपत्र पेश गर्नु पर्नेछ। यदी चेक भुक्तानी नभएमा दरखास्त फाराम स्वतः रद्द हुनेछ। साथै Good for Payment Cheque or Manager's Cheque मार्फत आवेदन गर्नेको हकमा चेक क्लियरिङ्ग शुल्क बापतको रकम आवेदक स्वयम्ले बेहोर्नु पर्नेछ।

९. शेयर खरिद गर्न ईच्छुक बोलपत्रदाताले कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा समावेश नभएको प्रमाणित हुने कागजात, आयश्रोत खुल्ने कागजातको प्रतिलिपि, रु.५ लाख रकमभन्दा माथि आवेदन गर्नेको हकमा प्यान नं. को प्रमाणपत्रको प्रतिलिपि र पछिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि सहित शेयर खरिद आवेदन फाराममा संलग्न गर्नुपर्ने भनी तोकिएका अन्य सम्पूर्ण कागजात तथा विवरण संलग्न गर्नुपर्नेछ।

१०. सबैभन्दा बढी मूल्यमा बोलकबोल गर्ने आवेदकलाई शेयर बिक्री गरिनेछ। यसबाट पनि शेयर बाँकी रहेमा त्यस पछिको बढी बोलकबोल गर्नेलाई बिक्री गरिनेछ। बोलकबोलमा शेयर बिक्री गर्दै जाँदा अन्तिम मुल्यमा दुई वा दुई भन्दा बढी आवेदकहरु पर्न गएमा बोलकबोलबाट बाँकी भएको शेयरहरु माग भएको शेयर संख्याको सापेक्षिक भार अनुसार दामासाहीले बाँडफाँड गरिनेछ। प्राप्त बोलपत्रहरु कुनै कारण खुलाई वा नखुलाई पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बिक्रीकर्ता संस्था तथा सम्बन्धित कम्पनीमा निहित रहने छ।

११. बोलपत्रहरु मिति २०८२/०६/२२ गते बैंकिङ्ग समयभित्र श्री एन आई सी एशिया क्यापिटल लिमिटेड, ट्रेड टावर नेपाल, थापाथली-११, काठमाडौँ वा तोकिएको सङ्कलन केन्द्रमा दर्ता भई सक्नु पर्नेछ। कुनै शर्त राखी पेश गरेको वा रीत नपुगेको वा म्याद नाघि आएको बोलपत्रलाई मान्यता दिइने छैन।

१२. सम्पूर्ण सङ्कलन केन्द्रहरुबाट बोलपत्र आवेदनहरू प्राप्त भए पश्चात् सार्वजनिक सूचना प्रकाशित गरी वा सम्बन्धित आवेदकलाई अन्य कुनै माध्यमबाट जानकारी गराई बोलपत्र खोलिने मिति, समय र स्थानको बारेमा जानकारी गराईने छ।

१३. उपत्यका बाहिरका सङ्कलन केन्द्रहरुबाट संकलित आवेदनहरु कुरियर मार्फत पठाउनु पर्ने भएकोले कुनै कारणवश सङ्कलन केन्द्रबाट कुरियर मार्फत पठाईएको आवेदन फारम प्राप्त नभएमा वा नष्ट भएमा नियमन निकायको राय लिएर मात्र लिलाम बढाबढको प्रक्रिया अगाडी बढाइने छ।

१४. आवेदक कम्पनी भएमा आवेदनका साथ कम्पनीको दर्ता प्रमाण पत्र, पछिल्लो आ.व.को कर चुक्ता प्रमाणपत्र, शेयर खरिद गर्ने सम्बन्धमा सो संस्थाको सञ्चालक समितिको निर्णयको प्रतिलिपि र शेयर कारोवारका लागि धितोपत्र दलाल समक्ष ग्राहक खाता खोल्न आवश्यक ग्राहक परिचय विवरण आदि पेश गर्नुपर्नेछ।

१५. स्वीकृत आवेदकलाई बाँडफाँड गर्न बिक्रीकर्ता संस्थाले निर्णय गरेको ३ कार्य दिनपछि बाँडफाँडमा नपरेका आवेदकहरूबाट प्राप्त रकम IPS मार्फत सिधै आवेदकको बैंक खातामा रकमान्तरण गरिने छ।

१६. बाँडफाँडमा शेयर परेका आवेदकको नाममा प्रचलित कानून बमोजिम शेयर खरिद कारोबार तथा नामसारी गरिनेछ। कुनै पनि अवस्थामा आवेदकले ब्याज वा कुनै किसिमको माग दावी गर्न सक्नेछैन। बाँडफाँड परेको शेयर तथा प्राप्त बोनश/हकप्रद शेयर खरिद कारोवार तथा नामसारी गर्दा तिर्नु/बुझाउनुपर्ने ब्रोकरेज लगायत अन्य सम्पूर्ण दस्तुर र शुल्क आवेदक स्वयम्ले बेहोर्नु पर्नेछ।

१७. आवेदनमा हितग्राही खाता उल्लेख गर्नुपर्नेछ। हितग्राही खाता नहुने आवेदकले एन आई सी एशिया क्यापिटल लिमिटेड, एन आई सी एशिया बैंक लिमिटेडको कुनै पनि शाखा कार्यालय वा आधिकारिक निक्षेप सदस्यसँग सम्पर्क गरी हितग्राही खाता खोल्न सक्नुहुनेछ।

१७. बोलपत्र स्वीकृत भएको खण्डमा बोलपत्र स्वीकृतिको जानकारी बिक्री प्रबन्धकको Website: www.nicasiacapital.com वा सूचना पाटीमा हेर्न सक्नुहुने छ।

**बिक्री प्रबन्धकः**

NIC ASIA CAPITAL

**एन आई सी एशिया क्यापिटल लिमिटेड**

ट्रेड टावर नेपाल, थापाथली-११, काठमाडौँ

फोनः ९७७-१-५७०५९९४, फ्याक्सः ९७७-१-५७०६४५८

Email: info@nicasiacapital.com, Website: www.nicasiacapital.com